# राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिको कार्यविधि, २०७५

**प्रस्तावना** : राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिको कार्यलाई नियमित, व्यवस्थित र पारदर्शी तवरले सञ्चालन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम ३० को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिको कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि समितिले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "नियमावली" भन्नाले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली,२०७५ सम्झनु पर्छ ।

(ख) "बैठक" भन्नाले समितिको बैठक सम्झनु पर्छ र सो शब्दले समितिद्वारा गठित उपसमितिको बैठक समेतलाई जनाउँछ ।

(ग) "सचिव" भन्नाले समितिको सचिव सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ ।

(ङ) "सभापति" भन्नाले समितिको सभापति सम्झनु पर्छ र सो शब्दले सभापतिको अनुपस्थितिमा समितिको सभापतिको रुपमा काम गर्ने समितिको जेष्ठ सदस्यलाई समेत जनाउँछ ।

(च) "समिति" भन्नाले राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति सम्झनु पर्छ र सो शब्दले समितिद्वारा गठित उपसमितिलाई समेत जनाउँछ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

## परिच्छेद-२
## बैठक सञ्चालन सम्बन्धी व्यवस्था

३. **बैठक बोलाउने** : सभापतिले आवश्यकतानुसार समितिको बैठक बोलाउनेछ ।

४. **बैठकको कार्यसूची** : सभापतिको निर्देशनमा सचिवले कार्यसूची तयार पारी सदस्यलाई जानकारी गराउनेछ ।

५. **उपस्थिति** : बैठकमा उपस्थित सदस्यले वर्णानुक्रमानुसार निर्णय पुस्तिकामा दस्तखत गरी उपस्थिति जनाउनु पर्नेछ ।

६. **बैठकको प्रारम्भ र अन्त्य** : सभापतिले समितिको प्रत्येक बैठकको प्रारम्भ र अन्त्यको घोषणा गर्नेछ ।

७. **बैठकको संचालन, समय व्यवस्थापन र छलफल** : (१) बैठकको सञ्चालन, समय व्यवस्थापन र छलफल सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) कार्यसूचीमा परेका विषयवस्तुको प्रकृति र महत्वलाई ध्यानमा राखी सभापतिले बैठकको समयावधि निर्धारण गर्ने,

(ख) कुनै पनि सदस्यले छलफलमा भाग लिन सभापतिको अनुमति लिनु पर्ने,

(ग) छलफलमा भाग लिने सदस्यले छलफलको विषयमा केन्द्रीत रही सम्बन्धित सदस्यलाई निर्धारण गरिएको समयभित्र आफ्नो विचार वा प्रश्न राख्नु पर्ने ।

(२) बैठकको लागि निर्धारित समयभित्रै प्रत्येक सदस्य उपस्थित हुनु पर्नेछ । निर्धारित समय भन्दा तीस मिनेटसम्म पनि गणपुरक संख्या नपुगेमा उक्त बैठक स्थगित गरी अर्को बैठक बोलाइनेछ ।

(३) बैठक व्यवस्थापन र संचालनका सम्बन्धमा सभापतिको निर्णय अन्तिम हुनेछ ।

८. **पूरा समय बैठकमा भाग लिनु पर्ने** : सभापतिले अन्यथा अनुमति दिएको अवस्थामा बाहेक बैठकको प्रारम्भदेखि अन्त्यसम्म बैठक कक्षमा उपस्थित भई भाग लिनु सदस्यको कर्तव्य हुनेछ ।

९. **कार्यसूची र कागजात उपलब्ध गराउने** : (१) समितिका सदस्यले समिति सचिवालयमा उपलब्ध भएसम्मका पूर्वनिर्धारित कार्यसूची र छलफलको विषयवस्तुसँग सम्बन्धित कागजात प्राप्त गर्ने छन् ।

(२) उपदफा (१) बमोजिमको कागजात सभापतिको निर्देशानुसार सचिवले सरोकारवाला अन्य निकाय वा व्यक्तिसँग समेत माग गरी सदस्यलाई उपलब्ध गराउन सक्नेछ ।

१०. **सहयोग पुऱ्याउनु पर्ने** : समितिको बैठक संचालनको लागि सभापतिलाई सदस्यले आवश्यक सहयोग गर्नु पर्नेछ ।

## परिच्छेद-३

## अनुगमन र मूल्याङ्कन तथा उपसमिति गठन सम्बन्धी व्यवस्था

११. **अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्य** : (१) समितिले अनुगमन र मूल्याङ्कनको कार्य आफैंले वा संघीय संसद सचिवालय वा अन्य विषय विज्ञबाट गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन र मूल्याङ्कन गर्दा संविधानको भाग-४मा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको प्रगतिशील कार्यान्वयन भए नभएको सम्बन्धी विषयलाई आधार लिईनेछ ।

१२. **उपसमिति गठन गर्न सक्ने** : (१) समितिले सम्पादन गर्नुपर्ने कुनै काम गर्नको लागि समितिका सदस्य मध्येबाट उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिले आफू मध्येबाट एक जना संयोजकको चयन गर्नेछ ।

(३) यस दफा बमोजिम गठन हुने उपसमितिले नियमावली तथा यस कार्यविधिको अधीनमा रही आफ्नो कार्यविधि आफै तय गर्नेछ ।

१३. **प्रतिवेदन प्रस्तुत गर्ने** : दफा १२ बमोजिम गठित उपसमितिले तोकेको कार्यावधिभित्रै आफूलाई प्राप्त जिम्मेवारी बमोजिमको कार्य सम्पन्न गरी समिति समक्ष प्रतिवेदन पेश गर्नेछ ।

तर विशेष कारणवश निर्धारित समयावधिभित्र कार्य सम्पन्न हुन नसकेको कारण जनाईसमय माग गरेमा समितिले आवश्यक समय थप गर्न सक्नेछ ।

१४. **प्रतिवेदन उपरको छलफल** : उपसमितिबाट प्रस्तुत प्रतिवेदन उपर समितिको बैठकले छलफल गरी आवश्यक निर्णय गर्नेछ ।

## परिच्छेद-४
## विविध

१५. **विज्ञ वा विज्ञ समूहको सहयोग लिन सक्ने** : (१) समिति वा उपसमितिले राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कनका सम्बन्धमा आवश्यकता अनुसार विज्ञ वा विज्ञ समूह वा कुनै निकायको पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आमन्त्रण गर्ने प्रयोजनको लागि विषयविज्ञ वा विज्ञ समूह वा पदाधिकारीको छनौट समितिको कामको प्रकृतिको आधारमा सभापतिले गर्नेछ ।

(३) उपदफा (१) बमोजिम आमन्त्रण गरेपछि समिति वा उपसमितिको बैठकमा उपस्थित भई आवश्यक कुराको जानकारी दिनु त्यस्ता विज्ञ वा विज्ञ समूह वा पदाधिकारीको कर्तव्य हुनेछ ।

१६. **छलफल र अन्तरक्रिया गर्न सक्ने** : समितिले राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन सम्बन्धी विषयमा आवश्यकतानुसार नेपाल सरकार, विषयविज्ञ, सरोकारवाला तथा अन्य सम्बन्धित निकाय र व्यक्तिसँग केन्द्रीय, प्रादेशिक तथा स्थानीय तहमा छलफल र अन्तर्क्रिया गर्न सक्नेछ ।

१७. **समितिको अभिलेख** : समितिमा प्राप्त कागजात, समितिमा भएको छलफल, निर्णय र कामकारवाहीसँग सम्बन्धित अभिलेख सभापतिको निर्देशनअनुसार सचिवले व्यवस्थित गरी राख्नेछ । त्यस्तो निर्णय र अभिलेख सभापतिको अनुमति विना संघीय संसद सचिवालय बाहिर लैजान सकिने छैन ।

तर, संविधान र प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने विषय वा समितिले गोप्य राख्नु पर्ने भनी किटान गरेका विषयहरु बाहेक समितिका अभिलेखहरुको समुचित प्रकाशन वा प्रशारण गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

१८. **कार्यविधिको संशोधन** : यस कार्यविधिलाई समितिले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

१९. **बाधा अड्काउ फुकाउ** : यो कार्यविधिको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**समितिबाट पारित मितिः २०७५ पुस १० गते**